

# बाघभैरवको कथा


Rocky Maharjan

Ujjwal Moktan



Let's Read

The Asia Foundation



”साथी हो! म आज पनि बाघको मूर्ति बनाउँछु। तिमीहरूले मेरा भेडा पनि हेरिदेओ है।” ज्ञानबिले भने। ”हुन्छ, हुन्छ। हिजोको भन्दा ठुलो, राम्रो बनाऊ है।” गोठाले साथीहरूले भने।



ज्ञानबिले दिनभरि नै बाघको मूर्ति बनाइरहे। मूर्ति कहिले सानो भयो। कहिले बाघको मुख मिलेन। कहिले आँखा ठुला भए। यसरी नमिलेका कुराहरू मिलाउँदै गए। अन्त्यमा चाहे जस्तो मूर्ति बनाएरै छाडे।

ज्ञानबिले दिनभरि नै बाघको मूर्ति बनाइरहे। मूर्ति कहिले सानो भयो। कहिले बाघको मुख मिलेन। कहिले आँखा ठुला भए। यसरी नमिलेका कुराहरू मिलाउँदै गए। अन्त्यमा चाहे जस्तो मूर्ति बनाएरै छाडे।



"आहा! मूर्ति त दुरुस्तै बाघ जस्तै पो भयो! तर मुखमा जिब्रोचाहिँ खोइ त?" पुतली जस्ती कतांमरीले सोधिन्।
"अँ हेर न। यो कालो माटाको जिब्रो बनाउनै मिलेन। पातको बनाउनु पर्ने भयो। जाओ त मिल्ने पात खोजेर ल्याओ।" ज्ञानबिले साथीहरूलाई भने।




सबैले पात खोजेर त ल्याए। तर कुनै पनि पातबाट जिब्रो बनेन।
" भएन हो! जिब्रो बनाउन मिल्ने पात यो वनमा छैन कि क्या हो?
" ज्ञानबिले सबैको मुखमा हेर्दै सोधे।
" कुन्नि त! हामीले यहाँ भएका सबै बोटका पात ल्याएकै हौँ क्यार!" कयोमैले भनिन्।

सबैले पात खोजेर त ल्याए। तर कुनै पनि पातबाट जिब्रो बनेन।" भएन हो! जिब्रो बनाउन मिल्ने पात यो वनमा छैन कि क्या हो?" ज्ञानबिले सबैको मुखमा हेर्दै सोधे।" कुन्नि त! हामीले यहाँ भएका सबै बोटका पात ल्याएकै हौँ क्यार!" कयोमैले भनिन्।




"जाऔँ सबै पल्लो जङ्गलमा। त्यहाँ त कसो नभेटिएला?" ज्ञानबिले भने।



"यति वेला भइसक्यो! त्यसमाथि भेडाहरूलाई कसको जिम्मा लगाएर जानु?" कतांमरीले सोधिन्।

"यही बाघको जिम्मा लाएर जाने नि। 'ए बाघ ! हाम्रा भेडाहरू हेरिराख है'।" ज्ञानबिले भने।

”यति वेला भइसक्यो! त्यसमाथि भेडाहरूलाई कसको जिम्मा लगाएर जानु?” कतांमरीले सोधिन्।” यही बाघको जिम्मा लाएर जाने नि। ’ए बाघ! हाम्रा भेडाहरू हेरिराख है’।” ज्ञानबिले भने।



सबै गोठालाहरू पात खोज्न पल्लो जङ्गलमा गए। ज्ञानबिलाई देखाउँदै मिल्ने पात छान्न थाले।




अन्त्यमा जिब्रो बनाउन मिल्ने केही पात लिएर फर्के।


अन्त्यमा जिब्रो बनाउन मिल्ने केही पात लिएर फर्के।



"साथी हो, लौ न के भयो? त्यतिका भेडामा एउटा पनि छैन। कता गए सबै भेडा?" कुनै पनि भेडा नदेखेपछि कतांमरीले आत्तिदै सोधिन्।



"यतै कतै चर्दै होलान्। जाऔँ खोज्न।" ज्ञानबिले भने। सबैले पूरै वन चहारे। तर एउटा पनि भेडा फेला परेन।



"उ: हेर त। यो बाघको मुखमा रगत जस्तो रातो देखिन्छ। कहीँ यसले हाम्रो भेडा त खाएन?"बाघको मूर्तितिर हेर्दै गरेकी कतांमरीले सोधिन्।

सबैले मूर्तिको नजिकै गएर हेरे।"ए! हो त! यसको नजिकै हाड पनि छ।" कयोमैले भनिन्।

”उ: हेर त। यो बाघको मुखमा रगत जस्तो रातो देखिन्छ। कहीँ यसले हाम्रो भेडा त खाएन?” बाघको मूर्तितिर हेर्दै गरेकी कतांमरीले सोधिन्। सबैले मूर्तिको नजिकै गएर हेरे।” ए! हो त! यसको नजिकै हाड पनि छ।” कयोमैले भनिन्।



"ए बाघ, तिमीलाई भेडा हेर्न भनेको होइन? तिमीले नै हाम्रो भेडा खान हुन्छ त? अब तिम्रो मुखमा जिब्रो हालिदैन। तिमी सधैँ आँ गरेरै बस।" ज्ञानबिले रिसाउँदै भने। अँध्यारो हुन लागेकाले उनीहरूका आमाबा पनि खोज्दै आए। बाल गोठालाहरूले रुँदै सबै कुरा बताए। 'माटाको मूर्तिले जिउँदा भेडा कसरी खायो?' सबै छक्क परे।



”पख, म तन्त्रविधिले हेर्छु। यसमा केही रहस्य छ कि?” तान्त्रिक बैद्यले भने। आँखा चिम्ली उनी ध्यानदृष्टिले हेर्न थाले।

” लौ, यो मूर्तिमा महादेवको वास रहेछ। महादेवलाई भोक लागेछ। उनले भैरवको रूप लिएछन् र यस मूर्तिमा छिरेछन्। अनि सबै भेडा खाएछन्।” बैद्यले भने।

”पख, म तन्त्रविधिले हेर्छु। यसमा केही रहस्य छ कि?” तान्त्रिक बैद्यले भने। आँखा चिम्ली उनी ध्यानदृष्टिले हेर्न थाले।” लौ, यो मूर्तिमा महादेवको वास रहेछ। महादेवलाई भोक लागेछ। उनले भैरवको रूप लिएछन् र यस मूर्तिमा छिरेछन्। अनि सबै भेडा खाएछन्।” बैद्यले भने।



"हो, हो, पक्कै हो। त्यस्तो नभई मूर्तिले भेडा कसरी खान सक्छ र?" "त्यसैले अहिले यस मूर्तिलाई उः त्यो मन्दिरमा राखौँ। पछि छुट्टै मन्दिर बनाएर सधैँ पूजा गरौँ। महादेवले नै रक्षा गरेको गाउँमा कुनै अनिष्ट हुने कुरै भएन। कसो?" गाउँका मुखियाले भने।



सबैले मुखियाको कुरामा सही थापे। त्यही साल सबै मिलेर मन्दिर बनाए।

सबैले मुखियाको कुरामा सही थापे। त्यही साल सबै मिलेर मन्दिर बनाए।



त्यति बेलादेखि नै यसको जात्रा पनि निकाल्न थाले। उति बेलादेखि नै यो मूर्ति कीर्तिपुरमा छ। यसको मुख त्यसरी नै आँ गरेको अवस्थामा रहेको छ। शैषिक भ्रमण गर्दै किर्तिपुर पुगेका हामी कथा सुनेर छक्क पर्यो। धेरै साथीहरुको मुख बाघभैरवको मुर्ती जस्तै 'आँ को आँ' नै भयो।

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

Original Story
बाघभैरवको कथा *(The Story of Bagh Bhairav Temple)*. Author: Rocky Maharjan. Illustrator: Ujjwal Moktan. Editor: Dr. Dhruva Ghimire. Contributor: Anuradha, Ubahang Nembang.

Published by The Asia Foundation - Let's Read, © The Asia Foundation - Let's Read. Released under CC-BY-NC-4.0.

This work is a modified version of the original story. @ The Asia Foundation, 2021. Some rights reserved. Released under CC-BY-NC-4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/

Narrator: Chirath Wickramaratne.